नेपाल सरकार

गृह मन्त्रालय

नेपाल प्रहरी शिक्षालय भरतपुर, चितवन

(आर्थिक प्रशासन शाखा)

घर भाडा सम्बन्धी शिलबन्दी दरभाउपत्र

आव्हानको सुचना नं.२/२०७८/०७९

प्रथम पटक प्रकाशित सुचना मिति २०७८/०६/०८ गते।

समादेशक

(विष्णु कुमार के.सी.)

प्रहरी वरिष्ठ उपरीक्षक

प्रस्तुत विषयमा जिल्ला चितवन भरतपुर महानगरपालिका वडा नं.१०, स्थित जिल्ला प्रहरी कार्यालय चितवनको हाता भित्र अर्थात भरतपुर सरकारी अस्पताल मेनगेट अगाडी रहेका प्रहरी कल्याणकोषद्वारा निर्माण भई यस शिक्षालयको प्रत्यक्ष रेखदेखमा रहेका प्रहरी सपिङ्ग कम्प्लेक्सहरु बैंक, वितिय सस्था, आई.एम.ई, मेडिकल स्टोर, होटल, पार्टी प्यालेस, सपिङ स्टोर, खाजा घर आदीको लागि अति उपयोगि Block A का सट्र, हलहरु र Block B का हलहरु समय सापेक्ष रुपमा शिलबन्दी दरभाउपत्रका माध्यमबाट भाडामा दिने निर्देशानुसार प्रथम पटक-१५ (पन्ध्र) दिनको सुचना प्रकाशित गरिएको छ। ईच्छुक संघ-संस्था, फर्म वा व्यक्तिले तपशिल बमोजिम शर्तहरूको अधिनमा रहि रीतपूर्वकको शिलबन्दी दरभाउपत्रको लागि आव्हान गरिएको छ।

**तपशिल:-**

१) शिलबन्दी दरभाउपत्र सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सटर वा हल भाडामा खरिद गर्नको लागी प्रति दरभाउ पत्र **रू.१,०००।०० (अक्षरेपी रु.एक हजार रुपैया)** मात्र फिर्ता नहुने गरी बुझाई लिखित निवेदन साथ नेपाली नागरिकताको प्रतिलिपि, फर्म वा कम्पनी दर्ता भए सोको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी नविकरण गरेको प्रमाण पत्र र आ.व.२०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरि नेपाल प्रहरी शिक्षालय भरतपुर चितवनको आर्थिक प्रशासन शाखाबाट कार्यालय समयमा दरभाउपत्र खरिद गर्न सकिने छ। प्रत्येक सटर वा हलको लागी छुट्टा-छुट्टै दरभाउ पत्र खरिद गरि रित पुर्वक भरी पेश गर्नु पर्ने छ।

२) खरिद भएको शिलबन्दी दरभाउपत्रमा खरिददाताले प्रष्टसंग आफुले कवोल गरेको दररेट अंक र अक्षरमा लेखि सटर नम्वर तथा ब्लक नम्वर उल्लेख गरी प्रत्येक पानामा सहि छाप गरि नाम, ठेगाना प्रष्टसंग भरि १६ औं दिनको १२:०० वजे भित्र यस नेपाल प्रहरी शिक्षालय भरतपुर चितवनमा शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्ने छ। दर्ता भएका शिलबन्दी दरभाउपत्रहरू सोही दिनको १३:०० वजे उपस्थित शिलबन्दी दरभाउपत्रदाताहरू तथा प्रतिनिधिहरूको रोहवरमा यस शिक्षालयमा खोलिने छ। शिलबन्दी दरभाउपत्रदाताहरू उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३) धरौटी बापत कवोल अंकको तपशिलमा उल्लेखित न्यूनतम कायम गरिएको - ३ (तिन) महिना बराबरको भाडा रकम रा.बा.बैक भरतपुर शाखामा रहेको को.ले.नि.का.चितवनको धरौटी खाता नं.१३१०१००१०२०३००००, खाता संचालन गर्ने कार्यालयको नाम को.ले.नि.का.भरतपुर चितवन, वापत धरौटी, रकम जम्मा गर्न पठाउनेको कार्यालयको नाम नेपाल प्रहरी शिक्षालय भरतपुर, चितवन र कार्यालय कोड नं.३१४०४३१०८ मा जम्मा गरेको सक्कलै बैंक भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ र उक्त धरौटी वापतको रकम शिलबन्दी दरभाउपत्र नपरेमा पहिलो शिलबन्दी दरभाउपत्रदाताले सम्झौता गरे पछी र शिलबन्दी दरभाउपत्र परेमा कारोवार समाप्त भएको ६ (छ) महिना पछी मात्र फिर्ता हुने छ।

४) शिलबन्दी दरभाउपत्र स्वीकृत भए पछि कवोल अंक बराबरको भाडा रकम नेपाल प्रहरी शिक्षालय भरतपुरमा प्रत्येक महिनाको ५ (पाँच) गते भित्र अग्रिम बुझाउनु पर्ने छ।

५) सटर भाडाको सम्झौताको अवधि ५ (पाँच) वर्ष सम्म हुने छ।

६) करार गर्ने ब्यक्ति वा फर्मको ५ वर्षको कार्य सम्पादन सन्तोषजनक भएमा दुबै पक्षको सहमतिमा थप ५ (पाँच) बर्ष नबढने गरी निर्देशानुसारको भाडा दरमा पुनः करार गर्न सकिने छ।

७) सटर भाडामा बस्ने संघ-संस्था,फर्म वा व्यक्तिहरुले सव-मिटरमा उठेको विधुत महशुल र पानीको महशुल आफैले बुझाई भौचर पेस गर्नु पर्ने छ।

८) शिलबन्दी दरभाउपत्रमा कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट भएको हुनु पर्ने छ।

९) रीत नपुगेको र म्याद नाघेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

१०) निम्नानुसारका सटरहरु तथा हलहरु सटर र हल नम्बर अनुसार छुट्टा-छुट्टै रुपमा व्यक्ति, कम्पनी तथा फर्मले भाडा लिनु पर्ने छ। तर एकै व्यक्ति वा फर्मले एक भन्दा बढी सटर वा हल भाडामा लिन चाहेमा छुट्टा-छुट्टै शिलबन्दी दरभाउपत्र फर्म भरी बुझाउन सक्ने छ।

११) शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलि पल्ट वा कार्यालय खुलेको समयमा हुने छ।

१२) नागरिकताको प्रतिलिपि र पासपोर्ट साईजको - १ प्रति रंगिन फोटो, प्यान नम्बर खुलेको कागजपत्र, धरौटी रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखि यस शिक्षालयबाट बिक्री भएको रित पुर्बक भरिएको शिलबन्दी दरभाउपत्र फाराम समेत खाम बन्दी गरि खामको बाहिर आ-आफ्नो नाम थर, ठेगाना, सम्पर्क नम्बर समेत उल्लेख गरि शिलबन्दी गरि यस शिक्षालयको आर्थिक प्रशासन शाखामा दर्ता गराउनु पर्ने छ।

१३) शिलबन्दी दरभाउपत्र वारे अन्य कुराहरू बुझ्नु परेमा कार्यालय समयभित्र ९८५५०९०१६३ तथा नेपाल प्रहरी शिक्षालय भरतपुर आर्थिक प्रशासन शाखामा आई बुझ्न सकिने छ।

१४) तपशिल बमोजिको न्यूनतम कायम गरिएको भाडा दरमा ईच्छा अनुसार बढि भाडा दर भरी पेश गर्न सकिने छ।

१५) टेण्डर प्रक्रियाको सिलसिलामा कुनै दुबिधा भएमा टेण्डर समितिको निर्णय आधिकारीक हुने छ।

१६) सटर तथा हलहरूको अवलोकनको लागि ९८४९९६२४२७ (प्र.ज.अनिल थापा) सम्पर्क गर्न सकिने छ।

१७) सटर तथा हलहरुमा ऐन कानुनद्धारा निषेध गरिएका बस्तुहरु बिक्री बितरण गर्न पाईने छैन।

निम्न

नेपाल प्रहरी शिक्षालय भरतपुर, चितवन

(बिष्णु कुमार के.सी.)
प्रहरी वरिष्ठ उपरीक्षक

A) **Block (जिल्ला प्रहरी कार्यालय तर्फको) :-**

| सि.नं. | सटर तथा हल नम्वर | संख्या | सटरको क्षेत्रफल | हलको क्षेत्रफल | प्रति सटर/हल को न्युनतम मुल्य | जम्मा रकम रु. | कैं. |
|---|---|---|---|---|---|---|---|
| १. | ७, ९ र ११ नम्बर प्रति सटरको प्रति महिना कर सहित भाडा रकम रु. | ३ | ११×२२ | - | १८,९००।०० | ५६,७००।०० | |
| २. | १२ र १३ नम्वर प्रति सटरको प्रति महिना कर सहित भाडा रकम रु. | २ | ११×२२ | - | २५,२००।०० | ५०,४००।०० | |
| ३. | ८ नम्बर सटरको भाडा रु. | १ | ११×११ | - | १५,७५०।०० | १५,७५०।०० | |
| ४. | १४ नम्बर सटरको भाडा रु. | १ | ११×११ | - | २५,२००।०० | २५,२००।०० | |
| ५. | ५ र ६ नम्बर प्रति हल प्रति महिना कर सहितको भाडा रकम रु. | २ | - | २२×२२ | १४,५५३।०० | २९,१०६।०० | |

B) **Block (अस्पताल रोड तर्फको) :-**

| सि.नं. | हल नं. | संख्या | सटरको क्षेत्रफल | हल कोठाको क्षेत्रफल | प्रति कोठाको न्युनतम मुल्य | जम्मा रकम रु. | कैं. |
|---|---|---|---|---|---|---|---|
| १. | १ नम्वर हलको कोठा नं.१,२ र ३ को प्रति महिना कर सहितको भाडा रकम रु. | ३ | - | २३×२२ | १७,७१९।६२ | ५३,१५८।८६ | |
| २. | २ नम्वर हलको कोठा नं.१ को प्रति महिना कर सहितको भाडा रकम रु. | १ | - | २३×२२ | १७,७१९।६२ | १७,७१९।६२ | |
| ३ | २ नम्वर हलको कोठा नं.२ को प्रति महिना कर सहितको भाडा रकम रु. | १ | - | ५९×२२ | ४५,४५४।६७ | ४५,४५४।६७ | |

**पुनश्च :-**

१. माथि उल्लेखित भाडा रकमहरुमा घर वहाल कर १०% समावेश गरिएको छ।

२. Block No-A को सटर नम्बर ८ र १४ सिङ्गल सटर कोठाहरु रहेको छ।

**नेपाल प्रहरी शिक्षालय भरतपुर, चितवन**